# फिक्कल गाउँपालिका

## खाङसाङ, सिन्धुली

### बागमती प्रदेश, नेपाल

**स्थानीय राजपत्र**

**खण्डः९** **संख्याः८** **मितिः २०८२/१२/१५**

**भागः २**

## जडीबुटी उद्योग प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१२/१४

प्रमाणित मितिः २०८२/१२/१४

### प्रस्तावना

फिक्कल गाउँपालिका क्षेत्रमा पाईने र सम्भावित रहेका जडीबुटीको उत्पादन विस्तार, संरक्षण, संकलन, प्रशोधन, भण्डारण बजारीकरण र उद्योग स्थापना तथा संचालनको माध्यमबाट स्थानीय स्रोत साधनको अधिकतम उपयोग, रोजगारी सिर्जना, उद्यमशीलता विकास तथा आयआर्जन वृद्धि गर्नको लागि जडीबुटी उद्योग प्रवर्द्धन कार्यक्रम संचालन गर्न वान्छनीय भएकोले फिक्कल गाउपालिकाको प्रशासकीय कायविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१ : प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम **“जडीबुटी उद्योग प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२”** रहनेछ ।

(२) यो कार्यविधि फिक्कल गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

### २. परिभाषा

यस कार्यविधिमा, विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा–

(क) **“ गाउँपालिका”** भन्नाले फिक्कल गाउँपालिका लाई जनाउँछ ।

(ख) **“कार्यपालिका”** भन्नाले गाउँ कार्यपालिका जनाउँछ ।

(ग) **“जडीबुटी”** भन्नाले औषधीय तथा सुगन्धित वनस्पति जनाउँछ ।

(घ) **“उद्योग”** भन्नाले जडीबुटीमा आधारित उत्पादन, प्रशोधन वा व्यवसायिक इकाई जनाउँछ ।

(ङ) **“समिति”** भन्नाले दफा ९ बमोजिम गठन हुने कार्यक्रम कार्यान्वयन समिति जनाउँछ ।

(च) **“लाभग्राही”** भन्नाले दफा ६ बमोजिमको लक्षित समूहलाई जनाउँछ ।

## परिच्छेद–२ : उद्देश्य तथा कार्यक्षेत्र

### ३. उद्देश्य

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ:

(१) जडीबुटी उत्पादन, संरक्षण तथा दिगो व्यवस्थापनलाई प्रवर्धन गर्ने ।

(२) जडीबुटीमा आधारित घरेलु तथा साना उद्योग स्थापना गर्ने ।

(३) ग्रामीण क्षेत्रमा स्वरोजगार तथा उद्यमशीलता विकास गर्ने ।

(४) स्थानीय स्रोतको मूल्य अभिवृद्धि गरी आयस्तर वृद्धि गर्ने ।

(५) बजार प्रणाली सुदृढ गरी जडीबुटीको बजारीकरण सुनिश्चित गर्ने ।

## ४. कार्यक्षेत्र

यो कार्यविधि फिक्कल गाउँपालिका भित्रका सबै वडाहरूमा लागू हुनेछ।

## ५. बजेट

(१) नेपाल सरकारबाट प्राप्त अनुदान

(२)बागमती प्रदेश सरकारबाट प्राप्त अनुदान।

(३) गाउँपालिकाबाट विनियोजित बजेट।

(४) विकास साझेदार संस्था र अन्य निकायबाट प्राप्त बजेट।

# परिच्छेद–३ : कार्यक्रम सञ्चालन प्रक्रिया

## ६. लक्षित समूह

कार्यक्रमका लक्षित समूह देहाय बमोजिम रहनेछन्:

- कृषि फर्म, कृषक समूह तथा सहकारी संस्था
- युवा उद्यमी तथा स्वरोजगार इच्छुक व्यक्ति
- निजी क्षेत्रका उद्यमी
- सामुदायिक वन उपभोक्ता समूह, निजी वन, कबुलियती वन समूह।

## ७. कार्यक्रमका मुख्य क्रियाकलाप

(१) जडीबुटी खेती विस्तारका लागि नर्सरी र विरुवा उत्पादन तथा संरक्षण,

(२) प्राविधिक तालिम तथा क्षमता विकास,

(३) प्रशोधन केन्द्र स्थापना तथा प्रविधि, मेशिनरी औजार उपकरण हस्तान्तरण,

(४) उद्योग स्थापना तथा सञ्चालन,

(५) बजार व्यवस्थापन तथा प्रवर्द्धन,

(६) पकेट क्षेत्र पहिचान, सुदृढीकरण, समूह गठन, क्षेत्र सम्झौता, सञ्जाल निर्माण, सहकारी गठन र सन्चालन।

## ८. आवेदन आह्वान तथा दर्ता

(१) गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी आवेदन आह्वान गर्नेछ।

(२) इच्छुक लाभग्राहीले तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।

(३) आवश्यक कागजातहरू:

- नागरिकताको प्रतिलिपि
- दर्ता प्रमाणपत्र/पान भ्याट/कर चुक्ता प्रमाणपत्र
- परियोजना प्रस्ताव
- लागत अनुमान
- वडाको सिफारिस

# परिच्छेद–४ : समिति गठन तथा काम, कर्तव्य र अधिकार

## ९. कार्यान्वयन समिति गठन

कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिम समिति गठन गरिनेछ:

- प्रमुख प्रशासकीय अधिकृत – संयोजक
- आर्थिक प्रशासन प्रमुख – सदस्य
- कृषि/वन प्राविधिक – सदस्य
- सम्बन्धित वडा अध्यक्ष- सदस्य
- उद्योग शाखा प्रतिनिधि – सदस्य सचिव।

## १०. समितिको काम, कर्तव्य र अधिकार

- निवेदनको मूल्याङ्कन तथा छनौट गर्ने
- कार्यक्रम कार्यान्वयन गर्ने
- अनुगमन तथा प्रतिवेदन तयार गर्ने
- आवश्यक नीति सुझाव दिने।

## परिच्छेद–५ : सहयोग, अनुदान तथा वित्तीय व्यवस्था

### ११. सहयोगका प्रकार

गाउँपालिकाबाट देहाय अनुसार सहयोग उपलब्ध गराइनेछ:

- प्राविधिक तालिम
- बीउ तथा बिरुवा वितरण
- उपकरण तथा मेसिनरी सहयोग
- उद्योग स्थापना अनुदान
- बजार प्रवर्द्धन सहयोग

### १२. अनुदान सम्बन्धी व्यवस्था

(१) कुल लागतको अधिकतम ५०% देखि ९०% सम्म अनुदान उपलब्ध गराइनेछ।

(२) बाँकी रकम लाभग्राहीले व्यहोर्नुपर्नेछ।

## परिच्छेद–६ : अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

### १३. अनुगमन

(१) कार्यक्रमको नियमित अनुगमन पालिकाबाट गरिनेछ।

(२) आवश्यकता अनुसार स्थलगत निरीक्षण गरिनेछ।

### १४. मूल्याङ्कन

(१) वार्षिक रूपमा कार्यक्रमको मूल्याङ्कन गरिनेछ।

(२) प्रभाव, उपलब्धि तथा चुनौतीहरूको विश्लेषण गरिनेछ।

(३) प्रभावकारिता र उपलब्धिका आधारमा आगामी निरन्तरता गरिनेछ।

## अनुसूची–१ : निवेदन ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
फिक्कल गाउँपालिकाको कार्यालय,
खाङसाङ, सिन्धुली ।

**विषय: जडीबुटी उद्योग प्रवर्धन कार्यक्रम प्रस्ताव पेश गरिएको ।**

म/हामीले जडीबुटीमा आधारित उद्योग स्थापना/सञ्चालन गर्न इच्छुक रहेको यो प्रस्ताव पेश गर्दछु/छौं ।

**निवेदकको विवरण:**

नाम:

ठेगाना:

सम्पर्क नं.:

**परियोजनाको विवरण:**

मिति:

हस्ताक्षर:

आज्ञाले

**डम्बरबहादुर रजनमगर**

प्रमुख प्रशासकीय अधिकृत